# भक्तपुर क्यान्सर अस्पतालमा बाल चिकित्सा सघन एकाइ सुरुवात

काठमाडौं, वैशाख २८ । भक्तपुर क्यान्सर अस्पतालमा क्यान्सर बिरामी बालबालिकाको विशेष उपचारका लागि बाल चिकित्सा सघन एकाइ स्थापना गरिएको छ । बाल क्यान्सर उपचार निःशुल्क कार्यान्वयन गर्ने निर्णयअनुरूप अस्पतालमा बेग्लै आईसीयु वार्ड स्थापना गरिएको हो । वैशाख महिनाभित्र वार्ड सञ्चालनमा ल्याउने गरी अस्पतालले तयारी थालेको थियो । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले एक कार्यक्रमका बीच आइतबार सो एकाइ उद्घाटन गरेका छन् । सेवा सुरूवात गर्दै मन्त्री पौडेलले भक्तपुर क्यान्सर अस्पताललाई उपचारमा नमुना बनाउँदै विदेश उपचारका लागि जाने संख्या घटाइने लक्ष्य राखिएको बताए ।

# स्थिर नीति, कर सुधार र लगानी अनुकूल वातावरण बनाउन महासंघको माग

■ आर्थिक संवाददाता

काठमाडौं, वैशाख २८

नेपाल उद्योग वाणिज्य महासघले स्थिर नीति, कर सुधार र लगानी अनुकूल वातावरण बनाउन सरकारसँग माग गरेको छ । महासंघले निजी क्षेत्रको मनोबल बढाउन, लगानी वृद्धि गर्न र आर्थिक विकासलाई गति दिनका लागि यस्ता सुधार अति आवश्यक भएको जनाएको छ ।

महासंघले आइतबार पूर्वबजेट छलफल कार्यक्रम आयोजना गरी आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमा समेट्नुपर्ने नीतिगत सुझावहरु दिएको हो । नीतिगत अस्थिरता, जटिल कानुनी प्रक्रिया, कम पुँजीगत खर्च, न्यून




विदेशी लगानीलगायत चुनौती रहेकाले समाधानका विकल्प दिनुपर्ने महासंघको सुझाव छ । पूर्वबजेट छलफल कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले यस पटकको बजेटले सामाजिक न्यायसहितको खुला अर्थतन्त्रको विस्तार, नयाँ चरणको आर्थिक सुधारका लागि संरचनात्मक परिवर्तन, निजी क्षेत्र प्रवर्द्धन, सुशासन अभिवृद्धि एवं राजस्व परिचालन तथा सार्वजनिक खर्चको प्रभावकारितालगायत पक्षलाई आफ्ना उद्देश्य र प्राथमिकतामा समेटिनुपर्ने बताए ।

साधारण खर्च घटाइ विकास खर्च बढाउने र सर्वसाधारणको क्रयशक्ति, उद्यमीको उत्पादन तथा उत्पादकत्व बढाउने कार्यक्रम यस पटकका प्रमुख आकर्षण हुनुपर्नेमा उनले जोड दिए । लगानी वातावरण सुधार्न र लक्षित आर्थिक वृद्धिदर हासिल गर्न नीतिगत स्थिरता प्रमुख विषय रहेको ढकालले बताए । 'महासंघले देशभरबाट गरेको अध्ययनअनुसार उद्योग व्यवसाय विस्तारको बाधकका रूपमा नीतिगत अस्थिरतालाई लिइएको छ । कतिपय देशमा राजनीतिक स्थायित्व नहुँदा पनि नीतिगत र संस्थालाई स्थिर बनाई आर्थिक उन्नति हासिल गरेका छन् । त्यसैले नीतिगत स्थिरता अहिलेको प्रमुख आवश्यकता हो', उनले भने ।

उद्यमी व्यवसायीलाई सहज तथा सम्मानितरूपमा व्यवसाय गर्न पाउने वातावरणको सुनिश्चिताको माग पनि महासंघले गरेको छ । 'सम्भावना भएर पनि विविध कारणले लगानी हुन नसक्नुमा निजी क्षेत्रको मनोबल घट्नु हो । कूल गार्हस्थ उत्पादनको शून्य दशमलव दुई प्रतिशत मात्र वैदेशिक लगानी आएको छ । यस्तो अवस्थामा सबै क्षेत्रलाई समेट्ने गरी आगामी आवको बजेटमा २०८२-९२ लाई लगानी दशक घोषणा गरी स्थायित्वमा विशेष ध्यान दिनुपर्छ', महासंघले भनेको छ । लगानी बाधकका रूपमा रहेका भूमि, वन, वातावरण, सार्वजनिक खरिद, खनिज र जलविद्युत्लगायत कानुनमा सुधारसहित लगानी सम्बद्ध एकीकृत कानुन बनाई नीतिगत पारदर्शिता र व्यावसायिक सुरक्षाको सुनिश्चितता गरिनुपर्नेमा महासंघले जोड दिएको छ ।

आम निराशा कम गर्न र युवालाई व्यवसायप्रति आकर्षित गर्न सुशासनको प्रत्याभूति गरिनुपर्ने तथा सुशासनका लागि प्रविधिको प्रयोग बढाउनुपर्ने सुझाव महासंघको छ । राजस्व बुझाएकै आधारमा व्यवसाय नवीकरण गर्न सकिने व्यवस्था मिलाइनुपर्ने तथा प्रविधिको पहुँच नपुगेको र सम्पूर्ण सेवा अनलाइन नहुँदासम्म लघु घरेलु तथा साना उद्यमले सम्बन्धित वडा कार्यालय एक ठाउँमा दर्ता गर्ने र राजस्व बुझाए पुग्ने व्यवस्था गरिनुपर्ने महासंघको माग छ । राजस्व बुझाउनेवित्तिकै तत्काल कर चुक्ता प्रमाणपत्र दिने व्यवस्था गरिनुपर्ने व्यवस्था बजेटमार्फत् ल्याउन पनि महासंघले सुझाव दिएको छ । ठूला एवं विदेशी लगानी सहजीकरणका लागि लगानी बोर्ड र उद्योग विभागलाई गाभ्नुपर्ने सुझाव पनि महासंघको छ ।

सरकारको खर्च बढ्न नसक्दा पनि अर्थतन्त्रमा समस्या सिर्जना भएको उल्लेख गर्दै महासंघले विकास खर्च बढाउन गम्भीर भएर पहल गर्नुपर्ने आवश्यककता औँल्याएको छ । 'नेपालको बजेट प्रक्रियामा करिब दुई दशकदेखि पुँजीगत खर्च हुन नसक्नु सबैभन्दा ठूलो समस्याका रूपमा रहेको छ । बजेटको करिब १७ प्रतिशत जति मात्रै पुँजीगत खर्च छुट्याइने र त्यो पनि ६० प्रतिशत हाराहारी मात्रै खर्च हुने प्रवृत्तिले एकातर्फ देशमा अपेक्षित विकास हुन सकेको छैन भने अर्कोतर्फ यसले बजारमा न्यून माग हुन गई निजी क्षेत्रको व्यवसाय पनि प्रभावित भएको छ', महासंघले भनेको छ ।

अबको कम्तीमा दुई वर्ष बजेटको आकार तय गर्दा राजस्वको वृद्धिदर जति नै बजेटको आकार वृद्धि गर्नुपर्ने, ऋण लिएर साधारण खर्च गर्ने प्रवृत्ति हटाउने, उत्पादनमा आधारित सहुलियत कार्यक्रम दश वर्षसम्म निरन्तर सञ्चालन गरिनुपर्नेलगायत सुझाव छन् । त्यस्तै, औद्योगिक कोरिडोर विशेष कार्यक्रमअन्तर्गत भारतीय सीमाबाट चुरेफेदीसम्मका सडक किनार र अन्य सम्भावित कोरिडोरमा उद्योग लक्षित विशेष कार्यक्रम ल्याएर खुला विशेष आर्थिक क्षेत्रको अवधारणा सुरू गरिनुपर्ने धारणा महासंघको छ । एक सयभन्दा बढी व्यक्तिलाई रोजगारी दिने उत्पादनमूलक उद्योग, पर्यटन, सेवा उद्योगलाई रोजगार च्याम्पियनको सम्मानसहित आयकरमा न्यूनतम ४० प्रतिशत छुटको माग महासंघले गरेको छ । त्यस्तै, अर्थतन्त्र चलायमान बनाउन व्यवसायी, कर्जा सुरक्षण निगम, सरकार र विकास साझेदार समेतले जोखिम बेहोर्ने गरी एक करोडसम्मको कर्जा परियोजना धितोमा उपलब्ध गराउने व्यवस्था गरिनुपर्ने महासंघको माग छ ।

स्वदेशी काठको उपयोगलाई सहज बनाउन प्रचलित वन ऐनमा संशोधन तथा गिट्टी, रोडा, ढुङ्गाको उत्खनन्, बिक्री वितरण र निर्यातका लागि कार्यविधि बनाइनुपर्ने सुझाव आएको छ । हाल स्टार्टअप उद्योगलाई दिइएको छुट सुविधा थप पाँच वर्ष निरन्तर दिइनुपर्ने, निजी क्षेत्रसँगको सहकार्यमा सबै प्रदेशमा 'स्टार्टअप ग्रोथ सेन्टर' स्थापना गर्नुपर्ने आवश्यकता पनि महासंघले औँल्याएको छ ।


## Liberty Energy Company Ltd.
## लिवर्टी ईनर्जी कम्पनी लि.

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-१०, बुद्धनगर, काठमाडौं
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

### "UNAUDITED FINANCIAL STATEMENTS FOR THE THIRD QUARTER, FISCAL YEAR 2081/82 ENDED 31st Chaitra, 2081 (13th April, 2025)

(In NPR)

| Statement of Financial Position | Current Quarter Ending Chaitra end 2081 | Previous Quarter Ending Poush end 2081 | Corresponding Previous Quarter ending Chaitra end 2080 |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, plant and equipment | 17,996,792.33 | 18,847,701.97 | 21,289,220.80 |
| Intangible Assets | 5,744,491,831.23 | 5,786,786,658.95 | 5,972,388,927.45 |
| Project work-in progress | 47,581,849.45 | 48,812,849.45 | 78,393,203.59 |
| Financial Assets | | | |
| Other Investments | 121,529,000 | 121,529,000 | 1,000,000.00 |
| Other non-current assets | 545,000.00 | 545,000.00 | 545,000.00 |
| **Total Non-Current Assets** | **5,932,144,473.01** | 5,976,521,210.37 | 6,073,616,351.84 |
| **Current Assets** | | | |
| Inventories | 8,782,431.86 | 6,007,065.37 | 3,312,864.24 |
| Financial Assets | | | |
| Cash and cash equivalents | 102,470,310.21 | 196,591,936.91 | 3,422,935.49 |
| Other current assets | 24,539,234.03 | 40,604,433.48 | 27,010,925.67 |
| Trade Receivable | 93,708,039.75 | 109,827,396.93 | 88,027,315.47 |
| **Total Current Assets** | **229,500,015.85** | **353,030,832.69** | **121,774,040.87** |
| **Total Assets** | **6,161,644,488.86** | **6,329,552,043.06** | **6,195,390,392.71** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Equity share capital | 2,250,000,000.00 | 1,500,000,000.00 | 1,500,000,000.00 |
| Application Money For Right share Pending alltotment | - | 533,168,264.00 | - |
| Share Premium | 73,744,118.35 | | |
| Retained Earnings | (695,659,623.32) | (671,088,475.33) | (604,497,333.06) |
| **Total Equity** | **1,628,084,495.03** | **1,362,079,788.67** | **895,502,666.94** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Long Term Borrowing | 4,359,806,579.94 | 4,893,641,436.05 | 4,959,515,930.71 |
| Other Financial Liabilities | | | |
| Other Non-Current Liabilities | | | 36,918,264.00 |
| **Total Non-Current Liabilities** | **4,359,806,579.94** | **4,893,641,436.05** | **4,996,434,194.71** |
| **Current Liabilities** | | | |
| Financial Liabilities | | | |
| Short Term Borrowing | 163,766,054.52 | 40,966,054.52 | 41,000,000.00 |
| Trade Payables | 7,527,566.46 | 30,136,057.99 | 145,734,640.97 |
| Other Financial Liabilities | | | |
| Provisions | 662,384.68 | 701,396.43 | 115,348,908.64 |
| Other Current Liabilities | 1,797,408.23 | 2,027,309.41 | 1,369,981.45 |
| **Total Current Liabilities** | **173,753,413.89** | **73,830,818.35** | **303,453,531.06** |
| **Total Liabilities** | **4,533,559,993.83** | **4,967,472,254.40** | **5,299,887,725.77** |
| **Total Equity and Liabilities** | **6,161,644,488.86** | **6,329,552,043.07** | **6,195,390,392.71** |

(In NPR)

| Statement of Profit or Loss and Other Comprehensive Income | Current Quarter Ending Chaitra end 2081 | Previous Quarter Ending Poush end 2081 | Corresponding Previous Quarter ending Chaitra end 2080 |
|---|---|---|---|
| Revenue from Electricity Generation | 144,889,937.81 | 157,580,536.26 | 138,274,254.03 |
| Cost of sales | | | |
| Generation and Distribution Expenses | 14,293,729.73 | 15,136,307.78 | 16,929,387.03 |
| **Gross Profit** | **130,596,208.08** | **142,444,228.48** | **121,344,867.00** |
| Depreciation and Amortization | 56,669,624.99 | 57,126,345.11 | 31,366,020.52 |
| Other Income | | - | 950,000.00 |
| " Administrative and Other Operating Expenses " | 7,537,360.83 | 5,665,079.83 | 5,425,058.38 |
| Impairment loss on investment | | | - |
| Gain/(loss) on Disposal | | | - |
| **Profit from operation** | **66,389,222.26** | **79,652,803.54** | **85,503,788.10** |
| Finance Income | | | |
| Finance Costs | 90,960,370.24 | 110,645,320.58 | 132,730,496.20 |
| **Profit Before tax** | **(24,571,147.98)** | **(30,992,517.04)** | **(47,226,708.10)** |
| Income tax Expense | | | |
| Current Tax | | | |
| Deferred Tax | | | |
| **Profit for the Year** | **(24,571,147.98)** | **(30,992,517.04)** | **(47,226,708.10)** |
| **Other comprehensive gain/ (loss) for the year, net of tax** | | | |
| **Total comprehensive gain/ (loss) for the year, net of tax** | **(24,571,147.98)** | **(30,992,517.04)** | **(47,226,708.10)** |

**Note:** The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

### THIRD QUARTER DISCLOSURE AS OF 31st Chaitra, 2081 (13th April, 2025) AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION Annexure -14
*(Related to Sub regulation 1 of Regulation 26)"*

1. **FINANCIAL STATEMENT**
   - The unaudited financial statement for the third quarter has been published as a part of this report.
   - **Key Financial Ratios at the end of the quarter:**

| Period | Earnings Per Share | Net Worth Per Share | Current Ratio | P/E Ratio | Return on Assets |
|---|---|---|---|---|---|
| This year quarter end | (1.09) | 72.36 | 1.32 | (189.70) | (0.40%) |
| Previous quarter end | (2.07) | 90.81 | 4.78 | (99.22) | (0.49%) |
| Corresponding previous year quarter end | (3.15) | 59.70 | 0.40 | (61.24) | (0.76%) |

2. **MANAGEMENT ANALYSIS**
   - **"Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:** The Upper Dordi "A" Hydropower Project (25 MW) owned by company located in Lamjung district is commercially started from 17th Mangsir, 2079.The revenue from generation of electricity is for a period of 1st Magh 2081 to Chaitra end 2081.As per Power Purchase Agreement with NEA the rate has been increased by 3% as a 2nd increment effective from 1st Poush 2081. Company has settled the partial Term Loan from proceed of right share during the quarter. The project is in continuous operation during the end of current quarter.
   - **"The statement of management analysis on the upcoming business plans:** The company holds the license for the development of other two Hydroelectric Project namely Badigad Khola Hydroelctric Project 24.60 MW located at Baglung and Lodo Khola Small Hydroelectric Project 1.60 MW located at Lamjung. The Company has established a subsidy company named "Badigad Hydropower Ltd" for the development of Badigad Khola Hydroelectric Project & "Lipe Hydropower Ltd" for the development of Lodo Khola Small Hydroelectric Project. "The analytical statement on the possible effect on company's profitability, stock and cash flow on the past experience: The company has not perceived any significant events that could have affect in the company's financial except an event that could arise beyond our control.
3. **STATEMENT RELATED TO LEGAL ACTION**
   - Case filed by or against the company during the quarter, if any: None
   - Case filed by or against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence, if any: None
   - Case filed against the Promoter or Director on financial crime, if any: None
4. **ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY**
   - The major highlights of share transactions during the quarter are as follows:

| Maximum Price | Minimum Price | Closing Price | Transaction days | Traded Volume | Turnover |
|---|---|---|---|---|---|
| 237.9 | 202 | 207.16 | 56 | 76,60,275 | 1,66,67,48,095.00 |

5. **PROBLEMS AND CHALLENGES**
   **Internal and External Problems**
   - Non-dispatch of energy due to forced outage by NEA
   - Flood and low water flow risk in the rivers due to climate change
   - Inadequate existing transmission line network to be constructed by NEA
   **Strategies**
   - Reduce operation cost and maintain plant to generate optimum energy.
   - Negotiation with the bank and financial institutions to reduce interest rate.
   - Request NEA to convert amended PPA clause to Take or Pay from contingency plan.
6. **CORPORATECORPORATE GOVERNANCE**
   The company has regular meetings of Board of Directors and Board Committees in compliance with the Corporate Governance Guidelines, 2074 issued by the Securities Board of Nepal. Various rules, regulations and policies has been prepared for the proper functioning of the company.
7. **DECLARATION OF CHIEF EXECUTIVE ON TRUTH, FACTFULNESS**
   I, the Chairman of this company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period 3rd quarter of F.Y. 2081/82, hereby declare that the information and details provided in this report are true and tactfulness, based on facts and complete to best of my knowledge.



## आदर्श शौल महाविद्यालय आयोजनाको
### संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति: २०८२/०१/२९**

बागमती प्रदेश, ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नं २५ मा आदर्श शौल महाविद्यालयद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना :** | आदर्श शौल महाविद्यालय<br>सैंबु, बुंगमती, ललितपुर महानगरपालिका<br>फोन नं: ९८४३०२११६३<br>ई-मेल: adarshacollege9@gmail.com |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित आदर्श शौल महाविद्यालय आयोजना ललितपुर जिल्लाको ललितपुर महानगरपालिका वडा नं २५ मा निर्माण गर्न लागिएको हो । प्रस्तावित महाविद्यालयको Built up Area २०३४.९६ वर्ग मिटर रहेको छ भने आयोजनाले ओगटने क्षेत्रफल ०.२०३ हेक्टर रहेको छ । प्रस्तावित महाविद्यालयमा Administrative Block, Classroom/Canteen Block, Common Toilet, Main Entry Gate, Vehicle parking Area, Volley Ball Court, Water Fountain, Secondary gate जस्ता निर्माण गरिनेछन् । |
| **प्रभाव पर्ने जिल्ला/ महानगरपालिका तथा वडा** | ललितपुर जिल्ला:<br>ललितपुर महानगरपालिका वडा नं २५ |

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित महानगरपालिका अन्तर्गतका सरकारी संघ/संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एवं सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थिति भई अमुल्य राय सुझाव तथा प्रतिक्रिया दिनका लागि हार्दिक अनुरोध गरिन्छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| ललितपुर महानगरपालिका वडा नं. २५, आदर्श शौल युवक माध्यमिक विद्यालय, छ्यासीकोट | २०८२/०२/०३ | बिहान ८ बजे |



## काठमाडौं महानगरपालिका वडा नम्बर २९ अनामनगरस्थित चन्द्रलक्ष्मी श्रेष्ठको घरमा कोठा भाडामा बस्ने ललितकुमार आलेको नामको १५ दिने सूचना

काठमाडौं महानगरपालिका वडा नं. २९ अनामनगरस्थित चन्द्रलक्ष्मी श्रेष्ठको घरको तेस्रो तल्लाको एउटा कोठा बिगत २०७९ साउन १ गतेदेखि भाडामा लिएर बस्नुभएका र भाडामा लिएदेखि नै भाडा नतिरी सम्पर्कमा नआउनुभएका रामेछाप जिल्ला घर भएका ललितकुमार आलेको नाममा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा सम्पर्कमा आई तिर्नु बुझाउनुपर्ने भाडा बुझाउनुहोला । अन्यथा कानुन बमोजिम कोठा खाली गरिदिने जानकारी गराइन्छ ।

घरधनी
**चन्द्रलक्ष्मी श्रेष्ठ, अनामनगर**
सम्पर्क नम्बर: ९८४१३०८६३१



## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

हिरामान महर्जनको नाति, राम महर्जनको छोरा, काठमाण्डौ जिल्ला, मनमैज न.पा. वडा नं.६ भई हाल काठमाण्डौ जिल्ला, तारकेश्वर न.पा. वडा नं. ९ बस्ने, यस बैंकको बानियाटार शाखा कार्यलयको खातावाला प्रेम महर्जनको मिति २०८१/०९/१५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती लक्ष्मी महर्जनले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com



## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

कारि गोईतको नाति, केशवर गोईतको छोरा, श्रीमती कोशिल्याको पति, सिरहा जिल्ला, सिरहा नगरपालिका वडा नं ०६ बस्ने, यस बैंकको सिरहा शाखाका खातावाला महादेव गोईतको मिति २०८१/०७/१२ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ०५५००५०९८४२०००११ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी, सिरहा जिल्ला, सिरहा नगरपालिका, वडा नं ०६ बस्ने, श्रीमती कोशिल्याले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : सिरहा
फोन नं.०३३-५२०५३३, फ्याक्स : ०३३-५२०५३०



# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive
तेतरिया, मोरङ्ग
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

## Notice for the Letter of Intent

First Date of Publication 2082-01-29

Pursuant to Sub Clause 27.2 and 27.3 of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price inclusive VAT/LSPS |
|---|---|---|---|
| G.R/SQ/WORKS/ 29-081-082 | Gramthan Gapa 4 Swasthya Chauki Bhawan Stharunnati | Prazmi Construction And Suppliers Budhiganga, Morang | 989437.15 |


आर्थिक दैनिक प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष : प्रह्लाद रिजाल । एक्सप्रेस कलर प्रेस कं.बाट मुद्रित । कार्यालय : कुपण्डोल, ललितपुर । फोन : ०१-५९०२१३६, फ्याक्स : ०१-५९०२१३९ e-mail : aarthik .dainik@gmail .com । सम्पादक : रामप्रसाद पुडासैनी